सङ्घीय संसद्

राष्ट्रिय सभा

एक्काइसौं अधिवेशन

बैठक - ५१

२०८३ असोज १५ गते बिहीबार

नेपाल सम्वत् ११४६

अपराह्न १:१५ बजे

दैनिक कार्यसूची

प्रश्नोत्तर

१. प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कृषि, वन तथा पर्यावरण मन्त्रालय र महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालयसँग सम्बन्धित मौखिक प्रश्नहरूको सम्बन्धित मन्त्रीले उत्तर दिनुहुने।

प्रतिवेदन पेस

२. सम्माननीय प्रधानमन्त्री वालेन्द्र शाहले आदिवासी जनजाति आयोगको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक प्रतिवेदन सभासमक्ष पेस गर्नुहुने।

समितिको प्रतिवेदन पेस

३. सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति पुजा चौधरीले **"सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन"** सभा समक्ष पेस गर्नुहुने।

४. सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिका माननीय सभापति जयन्ती देवी राईले **"सङ्घीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समितिको आर्थिक वर्ष २०८२/०८३ को वार्षिक प्रतिवेदन"** सभा समक्ष पेस गर्नुहुने।

विधायन व्यवस्थापन कार्य

५. विधायन व्यवस्थापन समितिका माननीय सभापति कृष्ण बहादुर रोकायले **"आन्तरिक वायुसेवाको दायित्व सम्बन्धी विधेयक, २०८३ सम्बन्धी समितिको प्रतिवेदन"** सभा समक्ष पेस गर्नुहुने।

६. राष्ट्रिय सभाका सचिव श्री तुल बहादुर कंडेलले राष्ट्रिय सभाबाट पारित भई सन्देश सहित प्रतिनिधि सभामा पठाइएको **"राष्ट्रिय विधि विज्ञान प्रयोगशाला (स्थापना र संचालन) विधेयक, २०८१"** का सम्बन्धमा प्रतिनिधि सभाबाट प्राप्त सन्देश सभा समक्ष जानकारी गराई टेबुल गर्नुहुने।

संसदीय विशेष समिति गठन

७. सम्माननीय अध्यक्षले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १६७ बमोजिम **भोटेकोशी एवम् कालीगण्डकी करिडोर विपद् सम्बन्धी अध्ययन तथा अनुगमन संसदीय विशेष समिति** गठनका लागि प्रस्ताव गर्नुहुने।

शोक प्रस्ताव

८. सम्माननीय अध्यक्षले प्रतिनिधि सभाका पूर्व सदस्य घनेन्द्र बस्नेतको निधनमा शोक प्रस्ताव प्रस्तुत गर्नुहुने।

पद्म प्रसाद पाण्डेय
महासचिव